# ३. चेलाहरुको तालीम

## क. मुख्य पदहरु

मत्ती २८:१८-२०
२तिमोथी २:२
लूका ६:४०
कलस्सी १:२४-२९
हिब्रू ६:१२
हिब्रू १३:७
१पत्रस २:२१

## ख. परिचय

हामी येशूका चेलाहरुले उहाँको निम्ति नयाँ चेलाहरु बनाउनुपर्छ. येशूले भन्नुभएको थियो,
*"यसकारण जाओ र सबै देशका जातिहरुलाई चेला बनाओ"* (मत्ती २८:१९).

यो बोलावट मानिसहरुलाई तिनीहरुका निम्ति प्रभु येशूकहाँ डोऱ्याउने मात्र नभएर तिनीहरुलाई परिपक्वतामा ल्याउने र त्यसरी तिनीहरुले पनि अरुहरुलाई परिपक्वतामा डोऱ्याउन सक्नेछन्. हामीले चेलाहरु बनाउनु अघि हरेक आत्मिक कुराहरुमा सिद्धता प्राप्त गर्न पर्खिरहनु पर्दैन. परमेश्वरले भन्नुभए अनुसार हामीले गर्दै जानुपर्छ. हाम्रो जीवन उहाँमा सुम्पेर काममा व्यस्त रहँदै गर्दा हाम्रो विकास गर्न र हामीमा समन्वय कायम गर्न परमेश्वरमा आश्रित रहनुपर्छ.

हामी चेलाहरुलाई येशूले अऱ्हाउनु भएको काम गर्नबाट अल्छिपन, अविश्वास, प्रेमरहित अथवा यस्तै कुराहरुका कारणले रोकिनु हुँदैन. ख्रीष्टको जीवनका केही अंश र हामीले प्राप्त गरेको परिपक्वता अरुसँग पनि बांडेको परमेश्वर आशा गर्नुहुन्छ.

मानिसहरुलाई चेलापनको तालीम दिंदा इमान्दार तथा विश्वसनीय व्यक्तिहरुमाथि हामीले जोड दिनुपर्छ किनभने तिनीहरुले पछि गएर अरुलाई सिकाउन सक्नेछन् (२ तिमोथी २:२). तिमोथी, तीतस र शिलासका सम्बन्धमा पावल आफैंले यसो गरेको हामीलाई थाहा छ. आफ्ना १२ जना

चेलाहरुसित येशूले आफ्नो सेवकाईको पूरा साढे तीन वर्ष लगातार रुपमा तिनीहरुसित बिताउनुभयो. अझ भनौं भने उहाँले खास तीन व्यक्तिहरुमा विशेष ध्यान पुऱ्याउनुभएको थियो. जबसम्म त्यसबेलाको संसार परिवर्तन भएन, येशूले तालीम दिनुभएका व्यक्तिहरुले अरुहरुलाई र फेरि तिनीहरुले पनि अन्य व्यक्तिहरुलाई तालीम दिए चेलाहरुबाट अरु चेलाहरु उत्पन्न गर्नु एक किसिमको आत्मिक प्रजनन् हो. खीष्टमा आफूसित भएको असल जीवन तिनीहरुले अरुहरुको जीवनमा सारेकाले यो आत्मिक प्रजनन् सम्भव भएको हो.

ग. चेलापनका ३ श्रेणी (तह) हरु

१. **मण्डली सभा** (लूका १३:१०; मत्ती ५:१-२) अथवा क्रिश्चियनहरुको ठूलो भेला

प्रभुको आराधना गर्न र स्थानीय मण्डलीमा पूर्ण सहभागिता जनाउनको लागि विश्वासीहरु त्यसरी भेला हुनु धेरै महत्वपूर्ण हुन्छ (हिब्रू १०:२५). तरपनि यस प्रकारको सेवाले गाढा मित्रता गांस्न प्रोत्साहन दिंदैन अथवा व्यक्तिहरुको प्रश्नहरु तथा खांचोहरुको जानकारी एक अर्कालाई हुन सम्भव हुदैन. यी सभाहरुमा प्रायश: समय र ठाउँको पावन्दी हुन्छ. त्यसकारण चेलापनमा हुर्काउन यस किसिमको वातावरणले त्यति सघाउ पुऱ्याउदैन.

२. **घरेलु सँगति**

धेरैचोटी येशूले चेलाहरुको सानो झुण्डलाई सिकाउनुभयो (मत्ती १३:३६; लूका १९:१८). यो आकारको झुण्डमा वचन बांडन, छलफल गर्न र सिकाउन सजिलो हुन्छ. ठूलो समूहमा भन्दा यस प्रकारको झुण्डमा सदस्यहरुमा एक आपसमा गाढा सम्बन्ध स्थापित हुनसक्छ. संस्थाको आयोजना तथा सभाहरु बढी लचिलो बनाउन सकिन्छ.

३. **वैयक्तिक चेलापन** (एउटाले अर्को एकजनासँग गर्ने सँगति) (यूहन्ना ३:१-२१; यूहन्ना २१:१५-२२)

प्रश्नहरुको जबाफ दिन, व्यक्तिगत सेवकाई, व्यक्तिगत सम्बन्धको विकास र घनिष्टताको लागि यो तरीका अपनाउनु उत्तम हुन्छ. विशेष गरेर नयाँ विश्वासीहरुका लागि यस प्रकारको चेलापन (तालीम) महत्वको हुन्छ. स्थानीय मण्डली र परमेश्वरको राज्यमा दह्रिलो हुनमा यसले सहायता गर्दछ. सुसमाचार सुनाइएको व्यक्तिलाई व्यक्तिगत सम्पर्कको खांचो अनुभव भएको बेलामा त्यस प्रकारको मदतको निम्ति भिन्दा भिन्दै शिक्षकहरु उपलब्ध हुनुपर्छ. तथापि यो तरीका समय र जनशक्तिको

हिसावले धेरै खर्चिलो हुन्छ तर वृहत सँगतिको प्रेरणा भने यसबाट प्राप्त हुँदैन.

सारांशमा, तिनैओटा तरीकाहरु मिलाएर काम गर्नु उत्तम हुनेछ.

## घ. अरुलाई सिकाउने व्यक्ति अनुकरणीय हुनुपर्छ

**तिनीहरु :**

- परमेश्वरको वचनको भोको हुनुपर्छ.
- पवित्र जीवन बिताउन इच्छुक हुनुपर्छ.
- परमेश्वरको ज्ञान आफूमा बढाउने इच्छा हुनुपर्छ.
- येशूको प्रभुत्वमाथि तिनीहरुको जीवन प्रतिबद्ध हुनुपर्छ. जस्तोसुकै मूल्य चुकाउन परेपनि हरेक कुरामा उहाँको इच्छा पूरा गर्ने चाहना हुनुपर्छ.
- परमेश्वरमा प्रयोग हुन इच्छुक हुनुपर्छ.
- परमेश्वर र उहाँका सबै जनहरुप्रति प्रेम हुनुपर्छ.
- पवित्र आत्माले भरिएर उहाँमा निर्भर रहनुपर्छ.

यो स्वभावमा पूर्ण विकास हुन समय लाग्छ. तरपनि तिनीहरुको जीवनमा यी कुराहरुको विकास हुन लागेको संकेतसम्म भएपनि देखापर्नुपर्छ (१थेस्स २:७-८; १कोरिन्थी ४:१५-१६; १थेस्स १:६).

## ङ. अरुलाई प्रचार गर्न र सिकाउनको लागि मात्र चेलाहरुको बोलावट भएको हैन तर तिनीहरुले निम्न कुराहरु पनि गर्नुपर्छ.

- आफ्ना चेलाहरुमा खीष्टमा रहेको जोश र आनन्द बांड्नुपर्छ.
- वलिदानात्मक, नि:सर्त प्रेम आफ्ना चेलाहरुमा देखाउनुपर्छ.
- आफ्ना चेलाहरुलाई समय, शक्ति, आर्थिक तथा अन्य किसिमले पनि मदत गर्न सदैव तत्पर रहनुपर्छ.
- आफ्ना चेलाहरुसित खीष्टमा एउटा साँचो मित्र जस्तै आफ्नो जीवनका सबै कुराहरु बांडने हुनुपर्छ.
- प्रार्थना, शिक्षा र नेतृत्वको लागि चेलाहरुलाई विभिन्न समूदायमा प्रतिनिधित्व गर्न दिने.
- अझ ठूलो बिश्वासमा बढन तिनीहरुलाई चुनौती दिने.
- चेलाहरुमा भएको क्षमतावृद्धिका निम्ति बधाई तथा प्रोत्साहन दिने.

- चेलाहरुमा देखिएको प्रगतिको लागि प्रशंसा गर्ने र त्यसलाई जोगाइराख्ने.
- सधैं समयको पावन्द भएर चेलाहरुमा एउटा असल उदाहरण बन्ने. खराब बानीहरुलाई त्याग्ने, अर्कोलाई बाधा पर्ने कुनै काम नगर्ने र परमेश्वरको राज्य बढाउन साधन स्रोत र क्षमता प्रयोग गर्न कहिल्यै पछि नपर्ने.

च. चेलापनको (तालीम) को लागि कसलाई र कसरी छान्ने ?

**१. तपाईभन्दा माथिका अगुवाहरुले यदि तपाईको निम्ति निर्णय गरेका छन् भने**

यसमा हुनसक्छ तपाईंलाई घरेलु-सँगति (house fellowship) अथवा एउटा नयाँ परीक्षण भुण्डको नेतृत्व गर्ने जिम्मा दिइएको छ. यस्तै हो भने तपाईंको अगुवाले दिनुभएको निर्देशनलाई पछ्याउनुहोस.

**२. तपाई छनौट गर्न सक्नुहुन्छ**

आफ्नो चेलापनको योजनामा सहभागी हुनेहरुसित समय बिताउनु अघि येशूले परमेश्वरसित प्रार्थना गर्नुभएको थियो (लूका ६:१२-१३). सही व्यक्तिहरु छान्नको लागि उहाँलाई परमेश्वरको ज्ञानको आवश्यकता थियो. यदि हामीलाई आवश्यक पर्‍यो र विश्वासमा हामीले माग्यौं भने बुद्धिको यही स्रोत हामीलाई पनि उपलब्ध छ (याकूब १:५-८). हामीले चिने जानेका मध्येहरुबाट नै हाम्रो कार्यक्रम संचालनको लागि त्यस्तो कुनै व्यक्तिलाई उहाँले हाम्रो निम्ति छान्नुहुनेछ. त्यसकारण हामीले आफ्नो दृष्टि खुल्ला राखेर वरिपरिको वातावरणमा ध्यान पुर्‍याउनपर्छ. हुनसक्छ परमेश्वरले कसैलाई चेलापनमा हुर्काउनको निम्ति तपाई अथवा एउटा व्यक्ति वा भुण्डलाई नै छान्नुभएको छ.

चेलापनमा हुर्काउन कुनै व्यक्तिको चयन गर्दा त्यस्ता मानिसहरुलाई छान्नुस जो भनेको कुरा सुन्ने, क्षमा दिने, भरोसा गर्ने, वलिदान गर्ने, परमेश्वरलाई प्रेम गर्ने, आत्मिक रुपमा बढन चाहने, विश्वासी, इमान्दार, आफ्नो खांचोहरुलाई स्वीकार गर्ने, परमेश्वरले सिकाउन चाहनुभएमा त्यसको लागि तयार रहने र परमेश्वरको आत्मा र वचनको ज्ञानमा समर्पित हुने खालका होउन्. चेलापन् कार्यक्रमको शुरुमा मानिसहरुमा यी गुणहरु प्रष्टगरी नदेखिन सक्छन्. वास्तवमा शुरुमा तिनीहरु रुखो स्वभावको अनि

सबै कामको निम्ति तम्तयार जस्ता देखिएलान् तर यी गुणहरु तिनीहरुमा देखिने सम्भावना भएको कुरा परमेश्वरमा तपाईंले देख्नु वा अनुभव गर्नुपर्छ.

विचार गर्नुहोस्, हामीले उहाँको इच्छा पूरा गरेमा मात्र परमेश्वरले हामीलाई सहायता गर्ने वचन दिनुभएको छ. त्यसकारण ती व्यक्तिहरु परमेश्वरमा ठीक छन् भनेर तपाईंलाई नलागेसम्म कुनै व्यक्तिप्रति प्रतिबद्धता नजनाउनुस्. अर्को कुराचाहिँ यदि तपाईंले एकजनालाई मात्र चेलापनमा ल्याउदै हुनुहुन्छ भने त्यस्तो व्यक्ति विपरीत लिङ्गको हुनु हुँदैन किनभने जीवनमा कतिपय आन्तरिक कुराहरु अरुलाई भन्नै नसकिने खालका हुन्छन्.

आफूभन्दा माथिको अगुवा, पास्टर वा गुरुहरुसित प्रतिस्पर्धामा नजानुस. तपाईंको मनसाय तिनीहरुले थाहा नपाएका भए तिनीहरुलाई आफ्नो कार्यक्रमका बारेमा स्पष्टसँग बताउनुस् अनि तिनीहरुले यसबारेमा जे निर्णय गर्छन् त्यसमा समर्पित हुनुस्. धेरै चेलाहरु पनि नराख्नुहोस्. यी मानिसहरुलाई तपाईंको मदतको खांचो छ र यदि तपाईंले धेरैमा सेवा पुऱ्याउनुपर्ने भयो भने तपाईंको प्रभावकारितामा कमी आउनेछ. धेरै मानिसहरुमा काम गरेर पनि प्रभावकारिता देखिएन भने बरु एउटै व्यक्तिमा मात्र ध्यान पुऱ्याउनु उत्तम हुनेछ.

### छ. चेलापन (तालीम) को लागि झुण्ड शुरु गर्ने

यदि तपाई तालीमको लागि चेलाहरु छान्ने प्रक्रियामा हुनुभएमा तिनीहरुलाई भेटेर तपाईंको मनमा भएका कुराहरु बताउनु राम्रो हुनेछ. चेलापनको बारेमा तिनीहरुलाई केही छनक दिनुहोस. यदि मदतको लागि तपाईंलाई यो पुस्तक उपयोग गर्ने मन भएमा यो तिनीहरुलाई देखाएर यस सम्बन्धमा खुलस्त पार्नोस. तिनीहरुले के गरेको तपाई आशा राख्नुहुन्छ त्यो पनि तिनीहरुलाई भन्नुस (हप्तामा कमसे कम २ घण्टाको लागि सँगै भेट्ने, भेट्नुभन्दा अगाडि खास शैक्षिक इकाइलाई हप्ताभरिमा अध्ययन गर्ने, चेलाका रुपमा तपाईंको आत्मिक अनुशासनमा समर्पित हुने आदि (हिब्रू १३:१७). चेलापनमा सम्मिलित व्यक्तिहरु राजी खुशीसाथ यसमा प्रतिबद्ध हुनु अत्यावश्यक छ. यसबारेमा तिनीहरुलाई प्रार्थना गर्न भन्नुहोस.

यदि एउटा झुण्डलाई नेतृत्व गर्न तपाईंलाई भनिएको भएमा पनि यही सिद्धान्त लागू हुन्छ. यी सिद्धान्तहरु व्यक्तिगत रुपमा एक्ला एक्लै वा झुण्डसँग पहिलोपल्ट भेट्दाखेरिमा नै भन्नुभए पनि हुन्छ.

ज. तपाईंको साप्ताहिक भेट्घाटलाई सुव्यवस्थित गर्ने (यो पुस्तकको शुरुमा "यो पुस्तकलाई कसरी प्रयोग गर्ने" भन्ने अंश हेर्नुहोस्).

झ. तपाईंको चेलाहरुको निम्ति लक्ष (उद्देश्यहरु)

१. सबैभन्दा पहिला परमेश्वरलाई प्रेम गर्ने (मत्ती २२:३७).
२. आफ्नो छिमेकीहरुलाई आफैंलाई जस्तै प्रेम गर्ने (मत्ती २२:३९).
३. येशूकै स्वरुपमा परिवर्तन हुने (२कोरिन्थी ३:१८).
४. जुनसुकै मूल्य चुकाउनु परेपनि परमेश्वरको आज्ञा मान्नमा आनन्दित हुने (यूहन्ना १४:२१).५. व्यक्तिगत बाइबल अध्ययन, सामूहिक छलफल र शिक्षाद्वारा परमेश्वरको ज्ञानमा बढ्ने (लूका २४:४५).
६. परमेश्वरको महिमा नहुने कामहरु नगर्ने आफ्नो जीवनशैली परिवर्तन गर्ने. उहाँले इच्छा गर्नुभएको काम गर्न समय र मनलाई तयार गर्ने अर्थात दैनिक रुपमा शान्त चित्तमा परमेश्वरसँग एक्लै सँगति गर्ने, मण्डलीमा नियमित जाने, आफ्नो व्यक्तिगत स्वाभाविक भावनाहरुको सट्टा पवित्र आत्मामा निर्भर रहने (लूका ९:२३; गलाती ५:१३-२५; रोमी १२:१; तीतस ३:१४).
७. येशूको चेलामा हुनुपर्ने आत्मविश्वासका निम्ति आधारभूत सीपमा दक्षता हासिल गर्ने अर्थात साक्षी दिने, प्रभुको बारेमा जान्न चाहने व्यक्तिलाई कसरी उहाँतिर डोऱ्याउने, कसरी शिक्षा दिने र पवित्र आत्माको बप्तिश्मा पाउनको निम्ति कसरी प्रार्थना गर्ने आदि (२तिमोथी ४:२; २तिमोथी २:१५).

ञ. अन्तमा

गुण (quality) ले गुण नै उत्पन्न गर्छ तर धेरै संख्याले गुण उत्पन्न गर्छ नै भनेर ठोकुवा गर्न सकिंदैन. ख्रीष्टमा निहित गुणात्मक जीवन हामीले अरुहरुमा बांड्नुपर्छ. जतिले ख्रीष्टमा रहेको श्रेष्ठ जीवनलाई स्वीकार गर्छन् तिनीहरुले पनि त्यसैगरी अरुहरुलाई दिनको निम्ति हामीले

तिनीहरुलाई उत्साहित गर्नुपर्छ. यो प्रक्रिया जारि रहेमा थोरै पनि धेरैमा परिवर्तन हुनेछ.

## ट. प्रश्नहरु र छलफलका बुँदाहरु

१. यो पुस्तकमा लेखिएका चेलापनका सिद्धान्तहरु बिसौं शताब्दिका क्रिश्चियनहरुको लागि उपयोगी छन् कि छैनन् ?

२. क्रिश्चियनहरुमा धर्मशास्त्र सम्मत सत्यताका सही जगहरु निर्माण गर्न मण्डली सफल भएको छ भन्ने तपाईं विचार गर्नुहुन्छ कि ? जसले गर्दा तिनीहरुबाट विजयी, फलदायी, परमेश्वरलाई महिमा दिने तथा उहाँको राज्य फैलाउने कार्य गर्नुपर्ने कुरामा सघाऊ पुग्नसक्थ्यो. चेलापन्का कार्यक्रमले यसमा मदत गर्न सक्ला त ?

३. चेलापनमा एउटा व्यवस्थित तरीका अपनाउनुपर्ने आवश्यकता पर्छ कि ? अथवा गुरुले विचार गरे अनुसार या झुण्डको खांचोलाई विचार गर्दै त्यसै अनुसार भेटेर प्रगतिको मूल्याङ्कन गर्नु नै पर्याप्त हुन्छ कि ?

४. मनलाई सुसूचित गर्नु र चेलाहरुको जीवन बनाउनुमा के अन्तर छ ?

५. अरु मानिसहरुलाई तपाईं चेलापनमा ल्याउन चाहनुहुन्छ भने तपाईंको प्रेरणा के मा आधारित हुनेछ - जिज्ञाशा, दोष, असुरक्षा, बाध्यता, पहिचान अथवा प्रेम, दर्शन अनि परमेश्वरको बोलावट ?

६. के तपाईं अर्को व्यक्तिलाई "मलाई पछ्याऊ" भन्न सक्नुहुन्छ ? यदि तिनीहरुले तपाईंलाई पछ्याएमा येशूले तिनीहरुको निम्ति इच्छा गर्नुभए अनुसारकै जीवन जिउन सक्नेछन् भन्ने कुरा तिनीहरुले जान्नेछन् त ?

७. एकजना विद्वानले भनेका थिए, "गन्तब्यमा नहिंडेको (पानी) जहाजको विरुद्धमा हावा बहँदैन." परमेश्वरले मदत गर्नु अगाडि नै हामी कहीं गइरहेको हुनुपर्छ. चेलापनको सन्दर्भमा तपाईं केही गरिरहनु भएको छ ? यदि केही नगर्नुभएको भए यसबारेमा तपाईंको के विचार छ ?

## ठ. सारांश र प्रयोग

१. चेलापनको प्रक्रियामा सबै विश्वासीहरु संलग्न भएको हुनुपर्छ अर्थात तिनीहरुले अरुलाई सिकाइरहेको वा नभए आफैं सिकिरहेको हुनुपर्छ.

२. हामीले प्राप्त गरेको ख्रीष्टको असल जीवन अरुहरुलाई दिनको लागि परमेश्वरले हामीलाई परिपक्वताको स्थानमा ल्याउनुहुन्छ.

३. मण्डलीका सबै क्रियाकलापहरुको लक्ष चेलापनको निम्ति लक्षित हुनुपर्छ.

४. चेलापनको हाम्रो प्रयत्न इमान्दार र विश्वासी व्यक्तिहरुमा केन्द्रित हुनुपर्छ र, यसरी तिनीहरुले पनि अरुहरुलाई सिकाउन सक्नेछन्.
५. अरुलाई सिकाउने व्यक्तिहरुले राम्रो उदाहरण प्रश्तुत गरेका र तिनीहरु अरुको निम्ति अनुकरणीय हुनुपर्छ.
६. चेलाहरुलाई सिकाउंदा तिनीहरु ख्रीष्टमा के हुन् र ख्रीष्टमा तिनीहरुको लक्ष के हुनुपर्छ भन्ने तथ्यहरुमा सन्तुलन मिलाउनुस.
७. अरुहरुलाई सिकाउंदा आफ्ना अगुवाहरुसित प्रतिस्पर्धा नगर्नुहोस् र आफूले सम्हाल्न सक्नेभन्दा बढ्ता मानिसहरुलाई चेलापन कार्यक्रममा स्वीकार पनि नगर्नुहोस्.